# राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान कार्यविधि, २०८३

__प्रस्तावना:__ निष्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हितको प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएका पत्रकार वा आमसञ्चार सम्बन्धी संस्थालाई प्रोत्साहन र सम्मान स्वरुप हरेक वर्ष नेपाल सरकारबाट प्रदान गरिने राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान वितरण गर्ने कार्यलाई व्यवस्थित गर्न वान्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) बमोजिम मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१. __संक्षिप्त नाम र प्रारम्भ__ : (१) यस कार्यविधिको नाम "राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. __परिभाषा:__ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "मन्त्रालय" भन्नाले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ४ बमोजिम गठन गरिएको सिफारिस समितिलाई सम्झनु पर्छ।

३. __राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान स्थापना__ : नेपाल सरकारले देहायबमोजिमका पुरस्कार र सम्मानको स्थापना गर्नेछः-

(क) राष्ट्रिय पत्रकारिता पुरस्कार : प्रत्येक वर्ष आमसञ्चार माध्यम वा पत्रकार मध्ये तीन जनालाई जनही दुई लाख रूपैंया र कदरपत्र।

(ख) वरिष्ठ पत्रकार सम्मान : प्रत्येक वर्ष दुई जना वरिष्ठ पत्रकारहरुलाई जनही दुई लाख रुपैया र कदरपत्र।

४. __सिफारिस समितिको गठन__ : (१) दफा ३ बमोजिमको राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मान प्राप्त गर्ने उपयुक्त व्यक्ति वा संस्थाको नाम सिफारिस गर्ने प्रयोजनका लागि मन्त्रालयले देहायवमोजिमको एक सिफारिस समिति गठन गर्नेछः-

| | |
|---|---|
| (क) मन्त्रालयका सचिव | - संयोजक |
| (ख) प्रेस काउन्सिल नेपालका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| (ग) पत्रकार महासंघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | - सदस्य |
| (घ) पत्रकारिता विषयका विज्ञ, पत्रकारहरु मध्येवाट मन्त्रालयले मनोनित गरेका कम्तीमा एक जना महिला सहित तीन जना | - सदस्य |
| (ङ) मन्त्रालयका सञ्चार महाशाखा हेर्ने सहसचिव | - सदस्य सचिव |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं

डा. विक्रम तिमिल्सिना
मन्त्री
२०८३।१।१५

५. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकार</u>: राष्ट्रिय पत्रकारिता पुरस्कार र बरिष्ठ पत्रकार सम्मान सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) आमसञ्चार माध्यम र पत्रकारको नाम, उनीहरुको योगदान सहितको विवरण संकलन गर्ने,

(ख) आमसञ्चार माध्यम र पत्रकारको योगदानको मूल्याङ्कन गर्ने,

(ग) राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मानको लागि दफा ६ बमोजिमका आधारमा नाम सिफारिस गर्ने,

(घ) पत्रकारिता विषयका विज्ञ वा अन्य सरोकारवाला व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्ने,

(ङ) समितिको बैठकको कार्यविधि आफै निर्धारण गर्ने।

६. <u>राष्ट्रिय पत्रकारिता पुरस्कारको लागि सिफारिसका आधारहरुः</u> (१) राष्ट्रिय पत्रकारिता पुरस्कारको लागि सञ्चारमाध्यम वा पत्रकारको सिफारिस गर्दा देहायबमोजिमका आधारहरु समेतलाई विचार गरी सिफारिस गर्नु पर्नेछः-

(क) पत्रकारिताको माध्यमवाट देशको सार्वभौमसत्ता, समावेशी र सामाजिक न्याय, राष्ट्रिय हित, लोकतन्त्र र नागरिकलाई सुसूचित गराउन महत्वपूर्ण योगदान पुऱ्याएको,

(ख) विभिन्न जात, जाति, सम्प्रदाय, लिङ्ग, भूगोल आदिमा बसोवास गर्ने नागरिकहरु बीच एकता र सद्भावको अभिबृद्धि गर्न पत्रकारितामार्फत योगदान गरेको,

(ग) पत्रकारिता पेसालाई वस्तुनिष्ठ, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक बनाई राष्ट्रिय हितको सम्बर्द्धन र नागरिकलाई सुसूचित गराउन योगदान पुऱ्याएको,

(घ) पत्रकारिताको क्षेत्रमा कम्तीमा १५ वर्ष योगदान गरेको,

(ङ) सामाजिक न्याय र सुशासन प्रवर्द्धनको आन्दोलनमा योगदान दिएका वा सो क्रममा घाइते भएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय पत्रकारिता पुरस्कारको लागि सञ्चारमाध्यम वा पत्रकारको सिफारिस गर्दा दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका, किसान, श्रमिक उत्पीडित वा पिछडिएको क्षेत्र तथा आर्थिक रूपले विपन्न खस आर्य वर्गलाई प्राथमिकता दिइनेछ।

७. <u>बरिष्ठ पत्रकार सम्मानका लागि नाम सिफारिसका आधार</u>: (१) बरिष्ठ पत्रकार सम्मानको लागि पत्रकारको नाम सिफारिस गर्दा देहायबमोजिमका आधारहरु समेतलाई विचार गरी सिफारिस गर्नु पर्नेछः-

(क) पत्रकारिताको माध्यमवाट सुसूचित समाज निर्माणमा योगदान पुऱ्याएको,

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं



डा. विक्रम तिमिल्सिना
मन्त्री
२०८२।१।१५

(ख) लोकतन्त्र, सार्वभौमसत्ता, समावेशी तथा सामाजिक न्याय स्थापित गर्न योगदान पुर्‍याएको,

(ग) विभिन्न जात, जाति, सम्प्रदाय, लिङ्ग भूगोल आदिमा बसोवास गर्ने नागरिकहरुबीच एकता र सद्भावको अभिबृद्धि गर्न आफ्नो पत्रकारितालाई सदैव प्रयोग गरेको,

(घ) पत्रकारिता पेसालाई निष्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणत्मक पत्रकारिताको माध्यमबाट राष्ट्रिय हित र जनतालाई सुसूचित गराउन योगदान पुर्‍याएको,

(ङ) सिफारिस गरिने पत्रकार कम्तीमा २० वर्ष निष्ठापूर्वक पत्रकारिताको क्षेत्रमा काम गरेको तथा उमेर ४५ वर्ष पुगेको हुनु पर्नेछ

(च) समितिले उपयुक्त ठानेका अन्य आधारहरु।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बरिष्ठ पत्रकार सम्मानको लागि पत्रकारको नाम सिफारिस गर्दा दलित, आदिवासी जनजाती, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपाङ्गता भएका, किसान, श्रमिक उत्पीडित वा पिछडिएको क्षेत्र तथा आर्थिक रूपले विपन्न खस आर्य वर्गलाई प्राथमिकता दिइनेछ।

८. <u>सिफारिस हुन नसक्ने अवस्थाहरुः-</u> राष्ट्रिय पत्रकारिता पुरस्कार तथा बरिष्ठ पत्रकार सम्मानका लागि देहाय बमोजिमको अवस्थामा सिफारिस गर्न सकिने छैनः-

(क) नेपाल सरकारबाट सेवा सुविधा प्राप्त गर्ने गरी मनोनयन, नियुक्ति वा सदस्यमा बहाल रहेको अवधिमा,

(ख) फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भई सजाय भोगी रहेको वा सजाय भुक्तानी गर्न बाँकी रहेको अवस्थामा,

(ग) सोही आर्थिक वर्षमा सरकारी क्षेत्रबाट स्थापित विभुषण वा अन्य पुरस्कार पाएकोमा,

(घ) राष्ट्रिय पत्रकारिता पुरस्कार प्राप्त गरी पाँच वर्ष अवधि पूरा नभएकोलाई वरिष्ठ पत्रकार सम्मानको लागि,

(ङ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय पाएको तथा पत्रकार आचारसंहिताको उल्लंघन गरे बापत पछिल्लो तीन वर्षभित्र प्रेस काउन्सिल नेपालबाट सजाय पाएकोमा,

(च) राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकारिता सम्मान एक पटक पाएकालाई पुनः सोही विधामा,

(छ) वरिष्ठ पत्रकारिता सम्मान प्राप्त व्यक्तिलाई राष्ट्रिय पत्रकारिता पुरस्कारको लागि,

(ज) प्रेस काउन्सिल नेपालबाट पुरस्कार प्राप्त गरेकालाई पाँच वर्षसम्म राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मानको लागि।

९. <u>पुरस्कार र सम्मानको निर्णय तथा वितरण :</u> (१) दफा ४ बमोजिम गठित समितिको सिफारिसमा राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मानको निर्णय मन्त्रालयले गर्नेछ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. विक्रम तिमिल्सिना
मन्त्री
२०८२।१।१५

(२) राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानको वितरण हरेक वर्ष राष्ट्रिय पत्रकारिता दिवसका दिन बैशाख २४ गते गरिनेछ।

१०. <u>सम्मान तथा पुरस्कारका लागि बजेटः</u> (१) राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानको लागि आवश्यक रकमको व्यवस्था विनियोजित वार्षिक बजेटको सीमाभित्र रही गरिनेछ।

(२) पुरस्कार वितरणको कार्यक्रम गर्दा लाग्ने प्रशासनिक खर्च सोही विनियोजित बजेटबाट गरिनेछ।

११. <u>खारेजी र बचाउः</u> (१) "राष्ट्रिय पत्रकारिता पुरस्कार र वरिष्ठ पत्रकार सम्मानलाई व्यवस्थित गर्ने कार्यविधि, २०७२" खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. विक्रम तिमिल्सिना
मन्त्री
२०८२।०१।१५